## मिति २०७९।६।६ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय/पाँचौ बैठक

**निर्णय नं. १**

इलाम नगर कार्यपालिकाको गत बैठकहरुबाट भएका निर्णयहरुको कार्यान्वयन तथा प्रगति सम्बन्धमा समीक्षा गर्दा इलाम अस्पतालको हेल्प डेस्क स्थापना कार्यलाइ शिघ्र सम्पन्न गर्न निर्देशन दिने र अन्य कार्यान्वयन हुन बाँकी पूर्व निर्णयहरुलाई समेत तोकिएको समयमा नै कार्यान्वयनको व्यवस्था मिलाउने साथै आगामी बैठकमा प्रगति समीक्षा तथा छलफलका लागि पेश गर्दा बिषय क्षेत्रगत प्रगति विवरणसहित पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

इलाम नगरपालिका अन्तर्गत निम्नानुसारको विद्यालय भवनहरु जीर्ण तथा धराप अवस्थामा रहेको हुनाले सो जीर्ण अवस्थाको अवस्थाको भवन भत्काई, भवन भत्काउँदा निस्केका जिन्सी सामग्रीहरु विद्यालयमा आम्दानी बाँधी लगत राखी जोखिम न्यूनीकरण गर्ने सम्बन्धमा छलफल हुँदा इलाम नगरपालिका, विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०७८ को दफा ५(२) बमोजिम थप अध्ययनका लागि सामाजिक विकास समितिमा पठाएकोमा समितिको राय सुझावबमोजिम सम्वन्धित विद्यालयसंग समन्वय गरि निम्नानुसार गर्ने निर्णय गरियो ।

निम्न :

१) अमर मा.वि. भवन बरबोटेको जीर्ण अवस्थाको भवन १ वटा भत्काई सो स्थानमा खेल मैदान बनाउने ।

२) भगवती मा.वि. गोलाखर्कको मूल सडक छेउको जीर्ण अवस्थाको भवन भत्काई सोको काठ तथा जग्गा सदुपयोग गर्ने सम्बन्धमा वि.व्य.स. र वडा कार्यालयको संयुक्त बैठकको निर्णयानुसार गर्ने ।

३) आदर्श मा.वि.मा समाहित साविक नवीन प्रगति आ.वि. कुलधाराको जीर्ण भवन भत्काई सो स्थानमा ओमशान्ति चरित्र विज्ञान तथा ध्यान कक्षा बनाउन ब्रह्माकुमारी राजयोग सेवा केन्द्र इलामसँग सहकार्यको लागि कार्ययोजना बनाउने ।

**निर्णय नं. ३**

इलाम नगरपालिका वडा नं. ७ स्थित साविकको इलाम दरबारमा अरनिको सांस्कृतिक संग्रहालय सञ्चालन भइरहेको सन्दर्भमा सो ऐतिहासिक पुरातात्विक भवनको थप उपयोग र पर्यटकीय आकर्षण अभिबृद्धि गर्न तथा सो इलाम दरबार निर्माणकर्ता बडाहाकिम श्री गजराज सिंह थापाप्रति सम्मानका लागि संग्रहालयको नाम परिवर्तन गरी गजराजसिंह थापा सांस्कृतिक संग्रहालय गर्ने साथै अरनिको पुस्तकालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि र गजराजसिंह थापा सांस्कृतिक संग्रहालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि तयार गरी सो कार्यविधि अनुरुप अझ व्यवस्थित ढङ्गले पुस्तकालय र संग्रहालय सञ्चालन परिचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

इलाम नगरको आर्थिक समुन्नतिका लागि आर्थिक समृद्धि र लगानी प्रवर्द्धनका क्रियाकलापहरु सञ्चालन गरी लगानीको क्षेत्रका अनुभवी व्यक्तिहरुको अनुभव र क्षमतालाई परिचालन गर्नका लागि बडाहाकिम गजराजसिंह थापा स्मृति प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन हुनु बाञ्छनीय भएको हुनाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी बडाहाकिम गजराजसिंह थापा स्मृति प्रतिष्ठान संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को मस्यौदालाइ बैठकमा प्राप्त सुझावहरुलाइ समेटी स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(ण)(१) मा कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्यसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन नगरपालिकाको काम, कर्तव्य र अधिकार क्षेत्र भित्र पर्ने हुनाले इलाम नगरको कृषि तथा पशुपंक्षीपालनको व्यावसायीकरण, यान्त्रीकरण तथा बजारीकरणमार्फत समृद्धिको खोजीका लागि नगर कृषि प्रवर्द्धन समितिको स्थापना, सञ्चालन तथा व्यवस्थापन हुनु बाञ्छनीय भएको हुनाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी यो नगर कृषि प्रवर्द्धन समिति कार्यविधि, २०७९ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

२०७९ सालको बडादशैंको अवसरमा परम्परागत रुपमा मनाइदै आएको फूलपाती समारोह मिति २०७९।६।१६ गते दिउँसो ११ बजेदेखि स्थानीय ठूलो टुँडिखेलमा विविध खेलकुद कार्यक्रमसहित सम्पन्न गर्ने गराउने र सो कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी नगर खेलकूद विकास प्रतिष्ठानलाई दिने निर्णय गरियो । साथै बडादशैंको अवसरमा इलाममा वर्षेनी आयोजना हुने गरेको बिंगो खेल सञ्चालनका लागि यस वर्ष नगर खेलकूद विकास प्रतिष्ठान र इलामका सहयोगी हातहरु नामक संस्थालाई जिम्मेवारी दिने निर्णय गरियो निर्णय गरियो ।

**निर्णय नं. ७**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(५)(क) मा भूमि व्यवस्थापनअन्तर्गत संघीय तथा प्रदेश कानुनको अधीनमा रही स्थानीयस्तरको भूउपयोग नीति, योजना, कार्यान्वयन नगरपालिकाको काम, कर्तव्य र अधिकार क्षेत्र भित्र पर्ने हुनाले इलाम नगर क्षेत्रको भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापनको माध्यमबाट अधिकतम र दिगो लाभ हासिल गर्ने सम्बन्धमा आवश्यक व्यवस्थापन गर्न बाञ्छनीय भएको हुँदा भूउपयोग ऐन, २०७६ को दफा ३३ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी यो इलाम नगरपालिका भूउपयोग कार्यविधि, २०७९ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

## मिति २०७९।६।६ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय/पाँचौ बैठक

**निर्णय नं. ८**

इलाम नगरपालिकाअन्तर्गत रहेका विभिन्न सटर पसलहरु पटक पटक सूचना प्रकाशन गर्दा समेत भाडामा नलागेको र केही व्यवसायीहरुले सटरपसल छोडेको हुनाले त्यस्ता भाडामा नलागेका सटर पसलहरु भाडामा लगाई आम्दानी लिनु आवश्यक हुने हुँदा सटर पसल उपलब्ध गरि पाउँ भनी आवेदन गर्ने व्यक्ति तथा संघसंस्थालाई नगरपालिकाले तोकेको न्यूनतम भाडा रकममा नघटने गरी भाडामा लगाउने व्यवस्थापन मिलाउनका साथै इलाम नगरपालिका वडा नं. ७ स्थित सिटीमार्टमा कुनै व्यवसायी वा व्यापारीले प्यासेज वीचमा पर्ने गरि ४ वटा भन्दा बढी सटर भाडामा लिने भई निजको व्यवसाय अनुकूल हुने गरी सटर कोठामा मर्मतसुधार गर्नका लागि प्राविधिकको नक्सा डिजाइन अनुसार गर्न अनुमती दिने र सो भाडामा लिने व्यापारी व्यवसायीले सटर पसल छोड्दा साविकबमोजिम नै हुने गरी जिम्मा दिनु पर्ने गरी स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

इलाम नगरपालिकाबाट विभिन्न व्यक्ति, सरकारी तथा गैरसरकारी संघसंस्थाहरुलाई प्रदान गरिने आर्थिक, प्राविधिक, कार्यक्रमिक जिन्सी सहायता तथा अनुदानलाई मितव्ययी, पारदर्शी तथा प्रभावकारी रुपमा प्रवाह गर्न र सहायता तथा अनुदान प्राप्त गर्ने व्यक्ति एवम् संघसंस्थालाई अनुशासित र उत्तरदायी बनाई परिणाम हासिल गर्नका लागि आवश्यक कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी इलाम नगरपालिका, आर्थिक सहायता तथा अनुदान कार्यविधि, २०७९ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

इलाम नगरपालिका पूर्वाधार विकास शाखाको मिति २०७९।३।१९ को टिप्पणी अनुसार ११ वटा, २०७९।२।२५ टिप्पणी अनुसार १ वटा र मिति २०७९।३।१३ को टिप्पणी अनुसार ६ वटा र रुक्मिणी जस्बिरे सडक स्तरोन्नति वडा नं. ४, पुवाखोला इन्टेक झकासे साङ्गरुम्वा सडक स्तरोन्नति वडा १२ समेतका योजनाहरु गत आ.ब.को भुक्तानी बाँकी तथा म्याद थप भएका योजनाहरुको आगामी नगर सभाबाट अनुमोदन गराउने गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

सुरक्षित आप्रवासन कार्यक्रमअन्तर्गत चालु आ.ब. २०७९।०८० मा इलाम नगरपालिका वडा नं. १० र १२ लाई विशेष लक्षित गरी सो कार्यक्रम सञ्चालन गर्ने गराउने र सो कार्यक्रममा कार्यरत सूचना तथा परामर्शदाता (पाँचौं) श्री बिजु लकान्द्रीले राजीनामा दिएकोले सो रिक्त पद र वित्तीय साक्षरता सहजकर्ता (चौथो) पद १ का साथै लघु उद्यम विकास कार्यक्रमअन्तर्गत उद्यम विकास सहजकर्ता (चौथों) पद १ करारमा व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

गरिबसँग महामानव विश्वेश्वर कृषि विकास कार्यक्रम सञ्चालन तथा परिचालनमा समेत सहयोगको लागि नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले मिति २०७९।४।२३ मा जारी गरेको स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ बमोजिम सशर्त बजेटबाट पशु चिकित्सक (छैटौ) १ र कृषि स्नातक (छैटौ) १ करारमा व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

इलाम नगरपालिका र महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम बीच मिति २०६९।१२।२० गते सम्पन्न सम्झौता अनुसार हरितनगर अध्ययन अनुसन्धान केन्द्र सञ्चालन निर्देशिका, २०७० जारी भई हरितनगर अध्ययन अनुसन्धान केन्द्रको स्थापना गरिएको र सोको सुसञ्चालनको लागि मिति २०७५।५।५ को कार्यपालिका बैठकबाट निम्नानुसारको सञ्चालक समितिको ढाँचा स्वीकृत भई मिति २०७७।११।१० मा क्याम्पस र न.पा. बीच पुनः पूरक संम्झौता भएकोले साविकको व्यवस्थाबमोजिम नगरपालिकाबाट मनोनयन गरिने पदाधिकारीहरु मनोनयन गरी पठाउने र हरितनगर अध्ययन अनुसन्धान केन्द्र सञ्चालन निर्देशिका, २०७० लाई समयानुकूल संशोधनका लागि मस्यौदा तयार गरी पठाउन हरितनगर अध्ययन अनुसन्धान केन्द्रको सञ्चालक समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

<u>सञ्चालक समिति</u>

अध्यक्ष – क्याम्पसको हरितनगरसम्बन्धी अनुभवप्राप्त प्राध्यापकलाई क्याम्पस प्रमुखबाट मनोनयन गरिने
सदस्य – क्याम्पस प्रमुखबाट १ जना महिला प्राध्यापक मनोनयन गरिने
सदस्य – नगर प्रमुखबाट प्राज्ञिक क्षेत्रमा विगतमा काम गरेका बुद्धिजीवीबाट १ जना महिला मनोनयन गरिने
सदस्य – नगर प्रमुखबाट पूर्व क्याम्पस प्रमुखहरु मध्येबाट १ जना मनोनयन गरिने
सदस्य – नगर प्रमुखबाट क्याम्पस रहेको वडाको मा.वि. का प्रधानाध्यापकहरु मध्येबाट १ जना मनोनयन गरिने
सदस्य – प्रमुख प्रशासकीय अधिकृतबाट १ जना अधिकृतस्तरका कर्मचारी मनोनयन गरिने
पदेन सदस्य – क्याम्पसको हर्टिकल्चर विभागको प्रमुख
पदेन सदस्य – क्याम्पस रहेको वडाको वडाध्यक्ष
पदेन सदस्य – नगरपालिकाको सामाजिक विकास समितिको संयोजक
पदेन सदस्य – नगरपालिकाले तोकेको विशिष्ट नागरिकमध्येबाट १ जना नगर प्रमुखबाट मनोनयन गरिने
सचिव – इलाम नगरपालिकाको शिक्षा शाखाका शाखा प्रमुख
कार्यालय सचिव – क्याम्पस प्रमुखबाट तोकिएको क्याम्पसको कर्मचारी

## मिति २०७९।६।६ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय/पाँचौ बैठक

**निर्णय नं. १४**

इलाम नगरपालिका, बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७७ बमोजिम बाल अधिकार समितिमा निम्नानुसार मनोनयन गर्ने निर्णय गरियो ।

**निम्न**

| कार्यविधिको दफा | तोकिएको व्यक्तिको नामथर, ठेगाना |
|---|---|
| १४(१)(ख) स्थानीय तहले तोकेको महिला वडा सदस्यसहित २ जना वडा सदस्य – सदस्य | वडा सदस्य श्री कमला बराल वडा नं ९<br>वडा सदस्य श्री रमेश बुढाथोकी वडा न ८ |
| १४(१)(छ) बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा, स्वास्थ्य तथा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति मध्येबाट स्थानीय तहले मनोनयन गरेको कम्तीमा एक जना महिलासहित दुई जना – सदस्य | श्री हरि सुवेदी, इलाम ६<br>श्री लता पौडेल, इलाम ७ |

**निर्णय नं. १५**

इलाम नगरपालिका, नगर आदिवासी जनजाति समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ बमोजिम नगर आदिवासी जनजाति समन्वय समितिको निम्न पदमा निम्नानुसार मनोनयन गर्ने निर्णय गरियो ।

निम्न :

अध्यक्ष श्री रविन एक्तेन, इलाम नगरपालिका वार्ड नं. ११

उपाध्यक्ष श्री छिकिन तामाङ्ग, इलाम नगरपालिका वार्ड नं. ७

सचिव श्री राजु राइ, इलाम नगरपालिका वार्ड नं. ७

कोषाध्यक्ष श्री बबिता लिङ्दम, इलाम नगरपालिका वार्ड नं. ७

**निर्णय नं. १६**

इलाम नगरपालिका, नगर कार्यपालिकाको मिति २०७९।२।३० को निर्णयानुसार इलाम नगरपालिकामा भ्रष्टाचार शून्य नीति अवलम्बन गर्दै सदाचार पद्धति स्थापनाका लागि इलाम नगरपालिकाअन्तर्गत गठित विभिन्न समिति, उपसमिति, प्रतिष्ठान, कार्यदल, विव्यस र उपभोक्ता समितिका पदाधिकारीहरुलाई समेत इलाम नगरपालिकाका प्रमुख (प्रमुखको अनुपस्थितिमा उपप्रमुख तथा न्यायिक समितिका संयोजक) को रोहबरमा १ महिना भित्रमा शपथ गराउने, सो समयावधिभित्र शपथ नगर्ने तथा शपथ गर्न इन्कार गर्ने पदाधिकारीहरुको हकमा निजलाई सो पदबाट फिर्ता गरी कार्यपालिकाबाट मनोनयन गर्ने भनिएको पदमा कार्यपालिकाको निर्णयानुसार र नगर प्रमुखबाट मनोनयन गर्ने भनिएको पदमा नगर प्रमुखबाट अर्को मनोनयनको व्यवस्था मिलाउने भएकोले इलाम नगरपालिकाअन्तर्गत गठित विभिन्न समिति, उपसमिति, प्रतिष्ठान, कार्यदल, विव्यस र उपभोक्ता समितिका पदाधिकारीहरुले उल्लिखित निर्णयानुसार शपथ ग्रहणका लागि तोकिएको समयावधि भित्रै यस कार्यालयअन्तर्गत प्रमुखज्यूको सचिवालयमा सम्पर्क गर्न मिति २०७९।३।१ मा सूचना प्रकाशन गरिएकोमा तोकिएको म्यादभित्र कसैले पनि उल्लेख भए बमोजिम शपथ ग्रहण नगरेको र इलाम नगरपालिकाको ११ औ नगर सभाबाट आवश्यकतानुसार समितिका पदाधिकारी हेरफेर लगायत अन्य आवश्यक समितिहरु गठन गरी सञ्चालन परिचालन गर्ने नीति पारित भएको हुनाले इलाम नगरपालिकाअन्तर्गत निम्न समितिका पदाधिकारी तथा सदस्यहरु आवश्यकतानुसार सदस्य तथा सल्लाहकार थप समेत गरी मनोनयन गर्ने निर्णय गरियो ।

निम्न :

**नगर खेलकुद विकास प्रतिष्ठान,**

अध्यक्ष – श्री महेश श्रेष्ठ

उपाध्यक्ष – श्री गणेश खतिवडा

सचिव – श्री नवीन तामाङ

कोषाध्यक्ष – श्री रजत खड्का

**पाटेनागी पर्यटन प्रवर्द्धन समिति**

अध्यक्ष – श्री सोमनाथ राई

उपाध्यक्ष – श्री राजेन्द्र राई

सचिव – श्री मनराज सुनुवार

कोषाध्यक्ष – श्री मनकुमारी सुनुवार

**निर्णय नं. १७**

इलाम नगरपालिका, शिक्षा नियमावली २०७४ को नियम २८ बमोजिम इलाम नगरपालिका वडा नं. ९ स्थित महमाई आ.वि. को विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा किशोरकुमार कार्की र इलाम नगरपालिका वडा नं. ३ स्थित विणापानी मा.वि.को विद्यालय व्यवस्थापन समितिको सदस्य पदमा मनबहादुर राईलाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

इलाम नगरपालिका वडा नं. ५ स्थित अमर मा.वि. इलामको च.नं. २० मिति २०७९।४।२६ को कार्यक्रम स्वीकृति सम्बन्धी पत्रमा छलफल हुँदा नमुना विद्यालयअन्तर्गत शैक्षिक तथा व्यवस्थापकीय योजनातर्फको रु ५२ लाखको वार्षिक कार्ययोजना स्वीकृत गर्ने । साथै अमर मा.वि. बरबोटे इलामको च.नं. २९ मिति २०७९।५।१२ को

पत्रबमोजिम नमुना विद्यालय विकास कार्यक्रमअन्तर्गत भौतिक निर्माण, शैक्षिक र व्यवस्थापकीय गुरुयोजना समेत पूर्वाधार विकास महाशाखाको मिति २०७९।५।१३ को प्रतिवेदनबमोजिम परिमार्जनसहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

इलाम नगरपालिकाको विकास निर्माण (तेस्रो संशोधन) मापदण्ड, २०७६ मा समयानुकूल संशोधन गर्न आवश्यक देखिएकोले पूर्वाधार विकास महाशाखाबाट तयार गरिएको मस्यौदा रायसुझावको लागि पूर्वाधार विकास समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. २०**

श्रीनाथ पल्टनसँग रहेको इलाम माइस्थानस्थित ऐतिहासिक निसान तत्कालीन श्रीनाथ पल्टन इलामबाट भक्तपुरको नगरकोटमा सरुवा भई जाँदा सो निसान समेत साथै लगिएकोमा सो ऐतिहासिक निसानलाई फिर्ता ल्याई इलामको माइस्थानमा पुनर्स्थापित गर्ने गराउने कार्यमा नेपाली सेनाको स्वामित्वमा रहेको इलामको ऐतिहासिक ठूलो टुँडिखेललाई रङ्गशाला बनाउने कार्यमा समेत नेपाली सेनाका प्रधान सेनापतिज्यूबाट भएको सकारात्मक पहललाई नगरपालिकाबाट उच्च मूल्याङ्कन गर्दै वहाँको आगामी इलाम भ्रमणको क्रममा सम्मान कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

इलाम नगरपालिका

नं. १

**निर्णय नं. ९**

इलाम य गरियो ।

**निर्णय नं. १०**

इलाम निर्णय गरियो ।

**निर्णय नं. ११**

इलाम नगरपालिको निर्णय गरियो ।

**निर्णय नं. १२**

इलाम नगरपालिका

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, जग्गा प्रशासन शाखा, सिंहदरबार काठमाडौको च.नं. १६४२ मिति २०७९।२।३० को परिपत्रानुसार भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ मा भएको व्यवस्थालाई कार्यान्वयनमा सहजीकरण गर्न नेपाल राजपत्रमा सूचना प्रकाशन गरी भूउपयोग कार्यक्रम सञ्चालन नहुन्जेलसम्म वा भूउपयोग नियमावली, २०७९ को नियम ५ को उपनियम (७) बमोजिम चारकिल्ला खुलाई कृषि क्षेत्र नतोकेसम्म कित्ताकाट/धितोबन्धक प्रयोजनका लागि सिफारिस आवश्यक भएकोले भूउपयोग नियमावली, २०७९ को नियम ८, अनुसूची १ मा उल्लिखित भूउपयोग क्षेत्र वर्गीकरणका आधार मापदण्ड तथा क्षेत्रफलबमोजिम मालपोत कार्यालय इलाममा सिफारिस गरि पाउँ भनी निम्न जग्गाधनीले आवेदन गरेको हुँदा आजको कार्यपालिका बैठकमै स्थानीय भूउपयोग परिषदको समेत बैठक बसी निम्नानुसार भूउपयोग क्षेत्र वर्गीकरण गर्ने निर्णय गरियो ।

**निम्न :**

| जग्गाधनीको नामथर | वडा नं. | जग्गाको कित्ता नम्वर, क्षेत्रफल र धनीपूर्जामा उल्लेख भएको किसिम | | | | | | धनीपूर्जामा उल्लेख गर्न चाहेको भूउपयोग क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | साविक न.पा वा गाविस | वडा नं. | नक्सा नं. | कि.नं. | क्षेत्रफल | किसिम | |
| चन्द्रकला लक्सम | ६ | इलाम | ८ | ८।ख | १९५६ | २।३।१।३ | | आवासीय |
| | ६ | इलाम | ८ | ८।ख | १०२८ | १।३।०।० | | आवासीय |
| | ६ | इलाम | ८ | ८।ख | ११५१ | ०।३।०।० | | आवासीय |

**मिति २०७९।६।६ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय/पाँचौ बैठक**

**<u>निर्णय नं. ६</u>**

इलाम नगरपालिकाको स्वीकृत दरबन्दीमा प्रदेश लोक सेवा आयोगबाट कर्मचारी सिफारिस भई आएमा वा मन्त्रालयबाट समायोजन भई आएमा स्वतः करार संझौता भङ्ग गर्ने गरी इलाम नगरपालिका, करारमा कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम कृषि प्राविधिक (चौथों) पदमा २, पशु सेवा प्राविधिक (चौथो) पदमा २, अमिन (चौथों) पदमा २ र सव इन्जिनियर (अटो/मेकानिकल) पदमा १ जना करारसेवामार्फत पदपूर्ति गरी कार्यसम्पादन गर्ने गराउने निर्णय गरियो ।

**<u>निर्णय नं. ९</u>**

**<u>निर्णय नं. ९</u>**

इलाम नगरपालिका, नगर आदिवासी जनजाति समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ को दफा ३ (क), (ख), (ग), (घ) बमोजिम नगर आदिवासी जनजाति समन्वय समितिको निम्न पदमा निम्नानुसार मनोनयन गर्ने निर्णय गरियो ।

<u>निम्न :</u>

अध्यक्ष श्री ..............................., इलाम नगरपालिका वार्ड नं. ..........

उपाध्यक्ष श्री ............................, इलाम नगरपालिका वार्ड नं. ............

सचिव श्री ................................., इलाम नगरपालिका वार्ड नं. ..........

कोषाध्यक्ष श्री ............................, इलाम नगरपालिका वार्ड नं. ..........

प्राविधिक कर्मचारी पदपूर्ति

अपाङ्गता समन्वय समितिमा महिला कार्यपालिका सदस्य तोक्ने

नगर महिला समन्वय समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तोक्ने

नगर आदिवासी जनजाति समन्वय समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तोक्ने

**निर्णय नं. ५**

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा ४२ बमोजिम गठन हुने अपाङ्गता समन्वय समितिको सदस्य पदमा कार्यपालिका सदस्य श्री ..........................................(महिला) लाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

इलाम नगरपालिका, स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७४ को दफा ५ बमोजिम गठन हुने समितिमा स्वास्थ्य क्षेत्रका अनुभवी व्यक्तिहरुबाट श्री ...................................... र श्री .......................................... (महिला) लाई तोक्ने ।

**निर्णय नं. ७**

**मिति २०७९।६।६ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय/पाँचौ बैठक**

इलाम नगरपालिका र धरान उपमहानगरपालिका बीच मिति २०७५।१।१ मा सम्पन्न भगिनी सम्बन्ध स्थापनासम्बन्धी सम्झौता पत्रको बुँदा नं. (क) कार्यान्वयनका लागि गठित संयुक्त समितिको सदस्य पदमा निम्नानुसार मनोनयन गर्ने ।

<u>सदस्य</u> – धरान उपमहानगरपालिका र इलाम नगरपालिकाका वडाध्यक्ष वा वडा सदस्य मध्येबाट सम्बन्धित नगरपालिकाका प्रमुखबाट मनोनित २/२ जना (मनोनित गर्दा लक्षित समूहका संभव भएसम्म महिलाहरुलाई प्राथमिकता दिएर मनोनित गर्ने) – वडाध्यक्ष श्री .................................. वडा सदस्य श्री .....................................................

<u>सदस्य</u> – धरान उपमहानगरपालिका र इलाम नगरपालिकाका नगर कार्यपालिका सदस्य (महिला) मध्येबाट सम्बन्धित नगरपालिकाका प्रमुखबाट मनोनित १/१ जना, – का.पा.स. श्री ............................................

<u>**निर्णय नं. ८**</u>

इलाम नगरपालिका र महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम बीच मिति २०६९ चैत्र २० गते सम्पन्न सम्झौता अनुसार हरितनगर अध्ययन अनुसन्धान केन्द्रको स्थापना गरिएको हुँदा सोको सुसञ्चालनको लागि नगर कार्यपालिकाको मिति २०७५।५।५ को निर्णयानुसार सञ्चालक समितिको सदस्य पदमा निम्नानुसार मनोनयन गर्ने :

निम्न

सदस्य – नगर प्रमुखबाट प्राज्ञिक क्षेत्रमा विगतमा काम गरेका बुद्धिजीवीबाट १ जना महिला मनोनयन गरिने – ......................................................

सदस्य – नगर प्रमुखबाट पूर्व क्याम्पस प्रमुखहरु मध्येबाट १ जना मनोनयन गरिने – ......................

सदस्य – नगर प्रमुखबाट क्याम्पस रहेको वडाको मा.वि. का प्रधानाध्यापकहरु मध्येबाट १ जना मनोनयन गरिने – ...........................................

<u>**निर्णय नं. ९**</u>

इलाम नगरपालिका, नगर महिला समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ को दफा ३ (क), (ख), (ग), (घ) बमोजिम नगर महिला समन्वय समितिको निम्न पदमा निम्नानुसार मनोनयन गर्ने निर्णय गरियो ।

<u>निम्न :</u>

*अध्यक्ष श्री गायत्री थेगिम, इलाम नगरपालिका वार्ड नं. ६*
*उपाध्यक्ष श्री सुनिता बस्नेत, इलाम नगरपालिका वार्ड नं. ९*
*सचिव श्री सुमित्रा घिमिरे, इलाम नगरपालिका वार्ड नं. ९*
*कोषाध्यक्ष श्री मीना रिजाल, इलाम नगरपालिका वार्ड नं. ७*

<u>**निर्णय नं. १०**</u>

इलाम नगरपालिका, नगर आदिवासी जनजाति समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ को दफा ३ (क), (ख), (ग), (घ) बमोजिम नगर आदिवासी जनजाति समन्वय समितिको निम्न पदमा निम्नानुसार मनोनयन गर्ने निर्णय गरियो ।

<u>निम्न :</u>

*अध्यक्ष श्री मनराज जबेगु, इलाम नगरपालिका वार्ड नं. ५*
*उपाध्यक्ष श्री रनमाया तामाङ्ग, इलाम नगरपालिका वार्ड नं. ९*
*सचिव श्री होमबहादुर राई, इलाम नगरपालिका वार्ड नं. ६*
*कोषाध्यक्ष श्री दिपेश श्रेष्ठ, इलाम नगरपालिका वार्ड नं. ७*

<u>**निर्णय नं. ९**</u>

ि निर्णय गरियो ।

<u>**निर्णय नं. १०**</u>

स निर्णय गरियो ।

<u>**निर्णय नं. ११**</u>

झापादेखि निर्णय गरियो ।

<u>**निर्णय नं. १२**</u>

इलाम नगरपालिकाको

<u>**निर्णय नं. १३**</u>

इलामस्ने निर्णय गरियो ।

<u>**निर्णय नं. १४**</u>

इलाम निर्णय गरियो ।

<u>**निर्णय नं. १५**</u>

इलाम निर्णय गरियो ।

<u>**निर्णय नं. १६**</u>

स्थानीय

सञ्चालन

**निर्णय नं. १७**

इलामसमन्वय गर्ने निर्णय गरियो ।